म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१४ अङ्कः- २६५ २०८० भदौ ४ गते सोमबार 21 August 2023, Monday - पृष्ठ ४ मूल्य रु. ५/-

**आँखा पाक्ने रोगका लक्षण**

- आँखा रातो हुने र चिलाउने
- आँखाबाट आँशु बगिरहने, कचेरा/ चिप्रा लाग्ने
- आँखाको ढकनी रातो हुने, सुन्निने
- आँखा बिझाउने/ दुख्ने
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने

यस्ता लक्षण आँखा पाक्ने रोगका हुन सक्छन् । यस्ता समस्या देखिए तत्काल चिकित्सकसँग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## महिला विश्वकप फुटबल

# इंग्ल्यान्डलाई हराएर स्पेन च्याम्पियन




सिड्नीः इंग्ल्यान्डमाथि जित निकाल्दै स्पेन पहिलोपल्ट फिफा महिला विश्वकप फुटबलको च्याम्पियन बनेको छ । इंग्ल्यान्डलाई १-० गोलअन्तरले पराजित गर्दै स्पेन पहिलो पटक च्याम्पियन बनेको हो । स्टेडियम अष्ट्रेलिया सिड्नीमा आइतबार भएको फाइनलमा स्पेनलाई च्याम्पियन बनाउन कप्तान ओल्गा कारमोनाले गरेको गोल नै निर्णायक बन्यो । उनले पहिलो हाफको २९औं मिनेटमा गोल गर्न सफल भएको थियो ।

प्रतिस्पर्धात्मक र रोमाञ्चक बनेको खेलको १६औं मिनेटमा लौरेन हेम्पको प्रहार क्रसबारमा लाग्दै फर्कदा इंग्ल्यान्ड अग्रता लिनबाट चुक्यो । काउन्टर अट्याकमा जर्जिया स्टानवेको क्रसमा र चेल डालीको कटब्याकलाई हेम्पले गरेको प्रहार क्रसबारमा लाग्दै फर्किएको थियो । लगत्तै १७औं मिनेटमा इंग्ल्यान्डकी गोलरक्षक मारी अर्पसले अल्वा रेडोन्डोको क्लोज रेन्जको प्रहारलाई विफल पार्दा स्पेन पनि अग्रता लिनबाट चुक्यो । मारिओना कालडेन्टेको क्रसलाई साल्माले राम्रोसँग प्रहार गर्न नसकेपनि डिफलेक्ट हुँदै आएको बललाई रेडोन्डोले गरेको प्रहारमा गोलरक्षक मारी बाक बनिन् ।

२९औं मिनेटमा कप्तान ओल्गा कारमोनाले गोल गर्दै स्पेनलाई १-० को अग्रता दिलाइन् । मोरिओना कालडेन्टेको दिएको पासमा डिफेन्डर रहेकी कप्तान ओल्गाले ओभरल्यापमा जाँदै सहजै गोल गर्न सफल भइन् । यससँगै २३ वर्ष ६९ दिनकी ओल्गा विश्वकपको फाइनलमा गोल गर्ने चौथो कान्छी खेलाडी बनेकी छिन् । विश्वकपमा गोल गर्ने कान्छी खेलाडी एलेक्स मोर्गान हुन् । उनले सन् २०११ मा २२ वर्ष १५ दिनको उमेरमा गोल गर्दै कीर्तिमान बनाएकी थिइन् । ३७औं मिनेटमा एरिन पारेडेसको प्रहार पहिलो बार च्याप्दै थोरै बाहिरिदा स्पेन अग्रता दोब्बर पार्नबाट चुक्यो ।

४३औं मिनेटमा लौरेने हेम्पको क्रसमा एला टुनले सुवर्ण अवसर पाएपनि फाइनल टच दिन नसक्दा इंग्ल्यान्ड बराबरीबाट चुक्यो । पहिलो हाफको इन्ज्युरी समयको थप गरिएको पहिलो मिनेटमा ओना ब्याटलको पासमा साल्माको प्रहार पोस्टमा लाग्दै बाहिरिदा स्पेनले अग्रता बढाउन सकेन । ५४औं मिनेटमा चोल केलीको क्रसमा हेम्पको हाफ भली प्रहारलाई पोस्ट नजिकैबाट थोरैले बाहिरिँदा इंग्ल्यान्डले खेललाई बराबरी गर्न सकेन । ६२औं मिनेटमा जेनिफर हर्मोसोको पासमा बोनामातीको पेनाल्टी बक्सबाहिरको प्रहार आकासियो ।

६९औं मिनेटमा स्पेन अग्रता दोब्बर पार्नबाट चुक्यो । जेनिफर हर्मोसोको पेनाल्टी प्रहारलाई इंग्ल्यान्डकी गोलरक्षक मारी अर्प्सले बचाइन् । पेनाल्टी बक्समा केइरा वाल्सले हातले बल छुन पुगेपछि रेफ्रीले भिएआरको सहायता लिदै स्पेनलाई पेनाल्टी प्रदान गरेको थिओ ।

७६औं मिनेटमा लौरेन जेम्सको प्रहारलाई स्पेनलाई गोलरक्षक क्याटालिना कुलले पञ्च गर्दै बचाउँदा स्पेनलाई खेलमा कायम राखिन् । दुवै टोली पहिलोपटक फाइनलमा पुगेको हो । महिला विश्वकपमा स्पेन च्याम्पियन हुने पाँचौ राष्ट्र बनेको छ । यसअघि अमेरिकाले चार, जर्मनीले दुई तथा जापान र नर्वेले समान एक पटक उपाधि जितेका छन् ।

स्रोतः हाम्रो खेलकुद ।

## बालिकामाथि यौन दुर्व्यवहार

समाज संवाददाता

हेटौँडाः हेटौँडा-११ स्थित हेटौंडा एकेडेमीमा २ कक्षामा अध्ययनरत ८ वर्षीया बालिकामाथि विद्यालयको बसका सहचालकले यौन दुर्व्यवहार गरेका छन् । घरबाट विद्यालय जान बस चढेकी बालिकालाई सहचालकले बसमै यौन दुर्व्यवहार गरेको पीडित परिवारको आरोप छ ।

साउन १५ गतेका दिन बिहान बालिकामाथि यौन दुर्व्यवहार भएको उजुरी पछि प्रहरीले सहचालकलाई शनिबार पक्राउ गरेको मकवानपुरका प्रहरी प्रवक्ता डीएसपी टेकबहादुर कार्कीले जानकारी दिनुभएको छ । प्रहरीले सहचालकको नाम भने सार्वजनिक गरेको छैन ।

## खोलाले बगाउँदा बालिकाको मृत्यु

समाज संवाददाता

हेटौँडाः मकवानपुरको कैलाश गाउँपालिकामा खोलाले बगाउँदा ४ वर्षीया बालिकाको मृत्यु भएको छ ।

आइतबार दिनको ४ बजेर ३० मिनेटको समयमा कैलाश गाउँपालिका-१०, भालटारमा मनहरी खोलाले बगाउँदा ४ वर्षीया प्रमिसा स्याङ्तानको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । साथीहरुसँग खेल्न गएकी प्रमिसालाई खोलाले बगाएर मृत्यु भएको भनी स्थानीयले प्रहरीलाई जानकारी गराएका थिए । प्रहरी घटनास्थलमा पुगेर आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।

## घरको ढोकामा नाग टाँसेर नागपञ्चमी मनाइँदै

समाज संवाददाता

हेटौँडाः आज सोमबार नागपञ्चमी पर्व मनाइँदै छ । घरको ढोकामाथि नागको फोटो टाँसेर विधिपूर्वक पूजा गरी नागपञ्चमी मनाइँदैछ ।

हिन्दू धर्मशास्त्रअनुसार हरेक वर्ष श्रावण शुक्ल पञ्चमीका दिन नागपञ्चमी मनाइन्छ । ज्योतिष शास्त्रअनुसार पञ्चमी तिथिका स्वामी नाग देवता भएकाले यस दिन नागका अष्टकूल (अनन्त, वासुकी, पद्म, महापद्म, तक्षक, कुलिर, कर्कट र शंख) का नागहरुको पूजा गरिन्छ । ती नाग वा तिनको नाम लेखिएको चित्र घरको मूल ढोकामाथि वा ढोकाको दायाँबायाँ गाईको गोबरले टाँसेर पूजा गर्ने शास्त्रीय परम्परा रहेको छ ।

नाग पूजाको प्रचलन वैदिक कालदेखि नै सुरु भएको हो । वैदिक मान्यताअनुसार नागलाई सर्पको राजा मानिन्छ । नाग रिसाए भने पानीको अभाव हुने भएकाले पानीका लागि पनि नागलाई खुसी पार्न पूजा गर्ने परम्परा बसेको हो । वराहपुराणमा उल्लेख भएअनुसार श्रावण शुक्ल पञ्चमीमा नागराजसँग ब्रह्माको संवाद भएकाले आजको दिन नागपूजाका लागि उत्तम मानिन्छ ।

सनातन वैदिक परम्परामा नागलाई देवताको रुपमा सम्मान गरिन्छ । यसकारण पनि नागको चित्र टाँसेर पूजा गर्दा वर्षभर घरमा नाग, सर्प र बिच्छीलगायत विषालु जीवको भय र आगलागी, चट्याङ आदि प्राकृतिक प्रकोपबाट सुरक्षित रहन सकिन्छ भन्ने धार्मिक मान्यता छ ।

नागपञ्चमीका दिन नागको तस्वीरलाई घरको मूलढोकामा टाँसेर पूजा अर्चना गर्दै नागप्रति श्रद्धा व्यक्त गर्ने प्रचलन छ । घरको ढोकामा नागको चित्र टाँस्ने र नागपूजा गर्ने परम्पराले हाम्रो प्रकृतिसँग सुमधुर सम्बन्ध भएको र त्यसलाई कायम राख्नुपर्ने कुरालाई संकेत गर्दछ ।

**सूचना ! सूचना !! सूचना !!!**

यहि आउँदो भदौ १६ गते काठमाडौँ शहिद गङ्गालाल हृदय केन्द्र काठमाडौँबाट वरिष्ठ मुटु रोग विशेषज्ञ डा. बिवेक बानिया आउनु हुने भएकोले मुटु सम्बन्धि समस्या भएको, उच्च रक्तचाप (High blood pressure) कोलेस्ट्रोल सम्बन्धि समस्या भएको नयाँ तथा पुरानो बिरामीहरुले सम्पर्क गर्नु होला ।

**हाम्रो सेवाहरू**

- Echo (मुटुको video X-ray) सेवा
- ECG, video X-ray सेवा
- प्याथोलोजी सेवा
- फिजियो थेरापी सेवा
- दाँत सम्बन्धि सम्पूर्ण रोग उपचार
- छाला तथा यौन रोग विशेषज्ञ सेवा
- स्त्री तथा प्रसुति सेवा सम्बन्धि
- नाक, कान तथा घाँटी रोग सम्बन्धि सेवा

**सम्पर्कः मकवानपुर पोलिक्लिनिक**
हेटौंडा-१, मिन्तुनापथ
Sancho Hospital Pvt. Ltd.
०५७-५२५८०१, ९८४५२३७६११, ९८०७१३१३६४
(सन्चो हस्पिटल अगाडी, मकवानपुर सहकारी हस्पिटल सङ्गै)

**सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं**

रेडियो निकास ९३.४ हेटौंडा, मकवानपुर
The Voice of Community

**बाढी/पहिरो जस्ता विपद्को जोखिमबाट बच्न र बचाउन हार्दिक अनुरोध**

**बाढी/पहिरो नियन्त्रणका तत्कालीन उपाय**
- आफ्नो गाउँघरका माथिल्ला भागबाट गहिरो कुलो काटी पानीको उचित व्यवस्थापन गर्ने ।
- कतै जमिन चिरा परेको देखेमा त्यसभित्र पानी नछिर्ने गरी टाल्ने ।
- आफ्नो घर तल-माथिको जमिन तथा घरभित्र गहिरो चिरा परेको भएमा तुरुन्त सुरक्षित स्थानमा गएर बस्ने ।
- पानीको बहाव बढ्दै ढुङ्गा माटो कटान गरेमा आफू भन्दा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिने ।
- भूकम्पको धक्काले आफ्नो घरवरपर कत्तिको क्षति गरेको छ त्यसको राम्रोसँग निगरानी गर्ने ।
- पहिरो कटान र यसले गर्ने क्षतिको आंकलन गरी विकास निर्माणका कामहरू, जस्तै- बाटो खन्ने, ढुङ्गा निकाल्ने, कुला तथा नहर बनाउने ।

बाढीबाट जोगिन नदी तटीय क्षेत्रमा बस्न हुन्न ।
होचो भूभागमा आवातजावत गर्न हुन्न ।
गाउँ र वस्तीमा बाढी आयो भने उचो भूभागमा जानुपर्छ ।
समूहमा बस्नुपर्छ ।
उचो भूभागमा जाने ठाउँ छैन भने आफ्नो घरको पहिलो, दोस्रो तल्ला वा छतमा बस्न सकिन्छ । छतमा पनि बस्न सक्ने अवस्था भएन भने बाहिरबाट गएका उद्धार टोलीलाई आफ्नो समस्या भन्नुपर्छ ।
बाढी पूर्वानुमान शाखाको पैसा नलाग्ने नम्बर ११५५ मा फोन गरेर कता बाढी जाँदैछ भन्ने थाहा पाउन सकिन्छ ।
संचारमाध्यमबाट आएको सूचनालाई आधार बनाएर सतर्क हुनपर्छ ।
सूचना अनुसार सुरक्षित ठाउँको पहिचान पहिले नै गर्ने र बाढी आइहाले त्यो ठाउँमा जानुपर्छ ।
ठूलो पानी परेपछि जमिन कमजोर हुने भएकाले भिरालो जमिनमा बस्दा उच्च सतर्कता अपनाउनुपर्छ ।
पहिले पहिरो गएका ठाउँमा फेरि पनि पहिरो जाने संभावना धेरै हुने भएकाले त्यस्ता ठाउँको पहिचान गर्नुपर्छ ।
घर भत्किएर जनधनको क्षती हुने भएकाले घर बाहिर निस्किएर बस्नुपर्छ ।
ठूलो पानी परिरहे जोखिमयुक्त क्षेत्र नजिक भए नसुती चनाखो भै बस्नुपर्छ ।

**भीमफेदी गाउँपालिका**
**मकवानपुर**



## सम्पादकीय

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

# सेवा विस्तार आवश्यक

हेटौंडा खानेपानी व्यवस्थापन बोर्डले खानेपानी वितरण प्रभावकारी बनाइरहेको छ । करिब एक दशकअघि गठन भएको बोर्डले हेटौंडा उपमहानगर पालिका क्षेत्रभित्रका बासिन्दालाई खानेपानी सेवा प्रदान गर्दै आएको छ । तत्कालीन नेपाल खानेपानी संस्थानको हेटौंडा शाखालाई बोर्डमा हस्तान्तरण गरेपछि बोर्डले खानेपानी संकलनका लागि थप स्रोतको विकास तथा वितरणलाई प्रभावकारी बनाउँदै आएको छ । बोर्डले उपमहानगरको केही वडाका सबै क्षेत्रमा खानेपानी वितरण गरे पनि अधिकांश वडाको केही क्षेत्रमा मात्र खानेपानी सुविधा उपलब्ध गराउँदै आएको छ । उपमहानगरका १९ वटा वडामध्ये हालसम्म बोर्डले ३ वटा वडामा खानेपानी वितरण थालेको छैन । उपमहानगरपालिकाभित्र बसोबास गर्ने सबै नागरिकको स्वच्छ खानेपानी प्राप्त गर्ने अधिकारप्रति हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड सम्बेदनशील देखिएको बोर्डले स्थानीय, प्रदेश र संघीय सरकारसँगको साझेदारीमा नयाँ खानेपानी आयोजना निर्माण र भइरहेका संरचनाहरुको मर्मत तथा सुधारका काम गरिरहेको छ । उपमहानगरको सबै क्षेत्रमा आफ्नो सेवा विस्तार गर्दै सुलभरुपमा गुणस्तरीय खानेपानी उपलब्ध गराउन बोर्ड अग्रसर बन्दै आएको छ ।

हेटौंडाको खानेपानी वितरणको जिम्मा बोर्डमा हस्तान्तरण हुनुअघि हेटौंडामा खानेपानी आपूर्ति पर्याप्त थिएन । त्यसबेला हेटौंडा बजार क्षेत्रमा दैनिक ७० लाख लिटर पानी वितरण भइरहेको थियो भने माग दैनिक एक करोड २० लाख लिटर थियो । पछिल्लो समय बोर्डले दैनिक २ करोड ५ लाख लिटर खानेपानी वितरण गर्दै आएको छ । करिब २४ हजार धारामार्फत् करिब १ लाख ६० हजार बासिन्दालाई खानेपानी उपलब्ध गराइरहेको छ । हेटौंडाको ११, १२ र १३ नम्बर वडामा बोर्डको सेवा विस्तार हुन बाँकी छ । हेटौंडाको वडा नम्बर २, ४, ५, ६, ७, ८, ९, १० को सबै क्षेत्रमा बार्डले खानेपानी वितरण गरि रहेको छ । वडा नम्बर १, ३, १४, १५, १६, १७, १८ र १९ को आंशिक क्षेत्रमा खानेपानी वितरण गरिरहेको छ । बोर्डले सेवा विस्तार हुन बाँकी वडाहरु र क्षेत्रहरुमा नयाँ खानेपानी योजना निर्माण तथा उपभोक्ता समितिमार्फत् सञ्चालन भइरहेका योजनाहरु बोर्डको मातहत ल्याउने कार्य गर्दै आएको छ ।

खानेपानी उपभोक्ता समितिबाट वितरण गरिएको पानीको गुणस्तर तथा महशुल फरक-फरक भइरहेको अवस्थामा नगरबासीलाई स्वच्छ र सर्वसुलभ किसिमबाट गुणस्तरीयरुपमा न्यून शुल्कमा खानेपानी सुविधा उपलब्ध गराउन बोर्ड क्रियाशील बनिरहेको छ । करिब एक वर्षदेखि हेटौंडा उपमहानगरपालिकाले बोर्डका उपभोक्तालाई मासिक १० हजार लिटर खानेपानी नि:शुल्क उपलब्ध गराउने व्यवस्था गरेपछि उपभोक्ता समितिमार्फत् सञ्चालन भइरहेका खानेपानी योजनाहरु बोर्डमा हस्तान्तरण गर्ने क्रम बढ्दै गएको छ । यसले बोर्डलाई अवसर र चुनौती दुबै थप गरेको छ । बोर्डले खानेपानी वितरणको जिम्मा लिएपछि वितरण प्रणाली र थप खानेपानी आपूर्तिका स्रोतहरु पहिचान गरी विकास गर्ने कार्यलाई निरन्तरता दिइरहेको छ ।

खानेपानीको सहज आपूर्तिको लागि नयाँ आयोजनाहरु निर्माणलाई तिब्रता दिँदै खानेपानीको आपूर्ति पर्याप्त बनाउन क्रियाशील बनिरहेको बोर्डले आम उपभोक्ताको विश्वास जित्न सफल भएको पाइन्छ । नागरिकको आधारभूत अधिकारभित्र पर्ने खानेपानीको वितरणलाई सहज बनाउन बोर्ड निरन्तर क्रियाशील बनिरहेको छ । सन् २०३० सम्म सबैका लागि पर्याप्त खानेपानी उपलब्ध गराउने लक्ष्यसहित बोर्डले योजनाबद्ध ढंगबाट काम गर्नुका साथै सार्थक नतिजा हासिल गर्नुलाई सुखद् मान्नुपर्छ । तीनै तहको सरकारसँगको संयुक्त लगानीमा बोर्डले हेटौंडाको ६, ७, ८, ९, ११, १६ र १७ नम्बर वडाको विभिन्न क्षेत्रमा नयाँ आयोजना निर्माण तथा पाइपलाइन विस्तारको काम गरिरहेको हुँदा नगरको सबै क्षेत्रमा सेवा विस्तार गर्न बोर्ड क्रियाशील बनेको देखिन्छ । बोर्डले हेटौंडा उपमहानगरपालिकाको सबै क्षेत्रमा सेवा विस्तार गरी नगरबासीलाई सुपथ मूल्यमा पर्याप्त मात्रामा स्वच्छ पानी वितरण गर्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : परीक्षा र प्रतियोगितामा विजयी भइएला । |
| **वृष** | : घरायसी काम र सुखका बारेमा चिन्तन बढ्ला । |
| **मिथुन** | : स्वास्थ्यमा सकारात्मक सन्देश प्राप्त हुनेछ । |
| **कर्कट** | : आर्थिक दृष्टिकोणले ठिकै रहने समय छ । |
| **सिंह** | : मानसिक दोधार रहने समय योग देखिन्छ । |
| **कन्या** | : धैर्य र संयमले काम गर्दा राम्रो रहने छ । |
| **तुला** | : प्रतिष्ठित कामले समाजमा स्थापित भइएला । |
| **वृश्चिक** | : आत्मविश्वास र दृढतामा अभिवृद्धि रहने छ । |
| **धनु** | : धार्मिक र प्राथमिक स्थलको भ्रमण होला । |
| **मकर** | : व्यापार– व्यवसाय मध्यमकारक रहने समय छ । |
| **कुम्भ** | : साँझेदारीमा गरिएको कामबाट लाभ प्राप्त । |
| **मीन** | : आफन्त र मित्रवर्गबाट निरन्तर सहयोग प्राप्त । |

# के अब अन्तिम विकल्प विदेश नै हो त ?



✍ **रामकुमार भुजेल**

एसईई/एसएलसी सकिएपछि जिन्दगीको एउटा यात्रा तय हुने गर्दछ । जब एसईईपछि आफ्नो सपना पूरा गर्ने र आफ्नै देशमा रोजगारी पाए आफ्नै देशमा काम गर्ने इच्छाशक्ति सबैमा हुन्छ । तर, नेपालमा पछिल्ला वर्षहरूमा युवाहरुले आफ्नै देशमा रोजगारीको अवसर नपाउँदा विदेश जान बाध्य भएका छन् । दिनहुँ विमानस्थलमा हातमा पासपोर्ट र सर्टिफिकेट लिएर लाइन बसेका छन् । आफ्नो देशमा उच्चशिक्षा हासिल गरेपछि आफूले सोचेजस्तो जागिरको अवसर नपाउँदा विदेश जान बाध्य हुने गरेको युवाहरुको गुनासो सुनिन्छ ।

सरकारले आफ्नै देशमा रोजगारी अवसर मिलाउने भनेर संविधानमा लेखेपनि व्यवहारिकरुपमा दिन सकेको छैन । नेपाल सरकारको वर्षौंदेखि निरन्तर नीति तथा कार्यक्रममा स्वदेशमै रोजगारी प्रदान गर्ने भनेर घोषणा त गर्छ, तर त्यो घोषणापत्रमा मात्र सिमित रहेको युवाहरुको गुनासो छ । आफ्नै देशमा पर्याप्त मात्रामा जागिर र अवसर मिले आफ्नो देशमा पसिना बगाउने रहर युवाहरुमा छ । विदेशी भूमिको त्यो ४० देखि ५० डिग्री सेल्सियसको तातो घाममा रगत पसिनाले लथालिंग भएको शरीर कुन बेला कहाँ गएर समाप्त हुने भन्ने डर र धम्कीले काम गर्नुपर्ने हुन्छ । राम्रो देशमा जानका लागि लाखौं खर्च गरेर जान मुस्किल पर्छ । सामान्य परिवारमा आफ्नो परिवारलाई ऋणले टाउको खाएको हुन्छ । छोराको पढाइ पनि १२ पास सकिन्छ, त्यसपछि छोराहरु विदेशमा जान बाध्य हुन्छन् ।

'कठै मेरो देश' यदि आफ्नै देशमा राम्रो रोजगारी पाए को जान्थ्यो होला त विदेश । सानो परिवारलाई ऋणले टाउको दुखाएपछि आफ्नो घरमा भएका छोराछोरी दुबैलाई पनि तनाब हुने गर्दछ । त्यहि तनाब र घरको अवस्था देखेर उनीहरु लाखौं ऋण काढेर विदेश जान बाध्य हुने गरेको पाइन्छ । गत आर्थिक वर्ष २०७९/०८० मा मात्र विदेश जाने युवाको संख्या ७ लाख ७१ हजारभन्दा बढी रहेको तथ्यांक छ । नेपालबाट दिनहुँ २ हजार देखि ३ हजार युवायुवतीहरु उच्च शिक्षा अध्ययनका लागि, घरेलु काम तथा मजदुरीका लागि विदेशिने गरेका छन् ।

आफ्नै देशमा रोजगारीको अवसर नपाउँदा कतिपय युवायुवतीहरु डिप्रेसनको शिकारसमेत हुने गर्दछन् । आफ्नो परिवार, साथीभाइ, इष्टमित्रहरुलाई देशमा छाडेर युवायुवती विदेशिएका छन् । विभिन्न मानिसको प्रलोभन वा मेनपावरको सहायतामा जान्छन् । नेपालबाट हवाइजहाज चढ्नेबित्तिकै एउटा सपना बटुलेर उडेका हुन्छन् । जब उनीहरु विदेशी भूमिमा पाइलाहरु टेक्छन्, पाइला टेकेको दिनदेखि आफ्नो परिवारको खुशी र चाहनालाई त्यहि विदेशी भूमिमा सुम्पेका हुन्छन् ।

अर्काको देश, रहनसहन, भेषभुषालाई पछ्याउँदै उनीहरु कुनै न कुनै काममा लागि पर्छन् वा बन्धनमा पर्छन्, त्यो त त्यहि समयले बताउला । विभिन्न घरको काम, ड्राइभर अथवा अरु कुनै काममा व्यस्त हुने गरेका छन् । नेपालबाट विदेश जान्छु र धेरै पैसा कमाउँछु भन्ने उद्देश्यले हिँडेकाहरु उद्देश्यसँगै मृत्युलाई पनि सुम्पेका हुन्छन् । नेपालबाट प्रायःजसो खाडी मुलुक (कतार, दुबई, मलेसिया) जस्ता देशमा युवायुवतीहरु गएको पाइन्छ भने विकसित मुलुकहरु (अमेरिका, जापान, अस्ट्रेलिया, कोरिया) मा गएका छन् ।

विदेशिनु पनि कतिपयको आफ्नो रहर होला, कतिपयको बाध्यता होला । कसैको आफ्नो परिवारलाई लागेको साहुको ऋण तिर्न नसकेर जानुपर्ने बाध्यता होला त कसैलाई डलर छाप्ने रहर होला । युवायुवती जो जुन देश गए पनि त्यहाँको दु:ख, कष्ट, पीडा उनीहरुलाई थाहा होला । अहिले पछिल्लो समयमा खाडी मुलुक जाने युवायुवतीहरुलाई बन्धक बनाएर राख्ने र यौनशोषण गर्नेजस्ता कु-दृष्टि बढ्दै गएको पाइन्छ । हरेक दिन हरेक महिना नेपालमा चल्ने 'सिधा कुरा जनतासँग' भन्ने कार्यक्रममा नेपालीहरुको पीडा नियालेर मनन गर्न सक्छौं । त्यतिमात्र नभई काम गर्ने क्रममा विदेशमा नै मृत्युवरण गरेको र विदेशमै विभिन्न अपराध मा फसेर मृत्युदण्ड भएको घटना छर्लंग सुनिन्छ । अब त्यसको जिम्मा कसले लिने ? न सरकारले लिन्छ, न त कुनै मेनपावरले लिन्छ । यदि लिइहाले पनि महिनौं बित्ने गर्दछ ।

वैदेशिक रोजगार बोर्डको तथ्यांकअनुसार २०६४ सालदेखि हालसम्म वैदेशिक रोजगारीका क्रममा १० हजार भन्दा धेरै नेपालीको मृत्यु भएको छ । वैदेशिक रोजगारीमा रहेकाहरुको मृत्यु हुने क्रम वर्षेनि बढ्दो छ । आखिर आफ्नो देशमा एसईई पास गरेर आफ्नै देशमा काम गर्ने चाहना हुँदा हुँदै पनि रोजगारी नपाउँदा केहि पैसा कमाएर परिवारलाई खुशी दिन हिँडेका छोराछोरीको यस्तो घटनाले कसको मन रुँदैन । तर पनि युवायुवतीहरु विदेशिइरहेका छन् । आफ्नै देशमा राम्रो रोजगारी अवसर नपाउँदा विदेशिनुपर्ने पीडा, बाध्यता भएको युवाहरु बताउँछन् ।

तसर्थ सरकारले आफ्नै देशमा रोजगारीको अवसर मिलाए युवाहरु विदेश जान कम हुन्थ्यो होला । आफ्नो पार्टी र सत्ताको पावर नलगाई उच्च शिक्षाको आधारमा रोजगारीको अवसर दिए युवाहरु विदेश पलायन हुँदैन थिए होला । अहिले नेपालमा बन्द अवस्थामा रहेका ठूला-ठूला उद्योग कलकारखाना सुचारु गरिदिए पनि केह हदसम्म युवाहरु विदेश पलायन हुन कम हुनेथियो । आफ्नै देशमा रोजगारीको अवसर पाएर आफ्नो आमाबाबु, छोराछोरी, श्रीमानश्रीमतीसँग खुशियालीका साथ रहन सकिन्थ्यो होला ।

दोलखा

# अन्न पवित्र बनाउन मनाइने पर्व हरेलो

✍ **तिलक पौडेल**

नेपाली बृहत् शब्दकोशलाई शब्दग्रन्थत्व सुम्पिंदा, हरेलो भन्नाले- ना.

*१. धान, मकैको खेतमा चरा, मुसा आदिबाट खेती बचोस् भनी राखिने कुरिलो र मयलको हाँगो ।*

*२. मगरात राजा बलिहाङ वा राजा बलिको सम्झनामा गरिने पूजा; असार मसान्त र साउने सङ्क्रान्तिको प्रभातकालीन समयमा गरिने पूजा ।*

*३.१ खेत जोत्नुभन्दा पहिले कुनै विघ्न नपरोस् भनी किसानले सखारै खेतमा गएर गर्ने भूमिपूजा; हरेरी ।*

*३.२ रोपाइँ सिद्धिएको उपलक्ष्यमा तीजपछिको मङ्गलबारका दिन खेतमा गरिने कृषिका अधिष्ठाता देवताको पूजा* भनी अर्थ्याएको पाइन्छ ।

व्यवहारमा हेर्दा हरेलो मूलतः पहाडी जिल्लाहरुमा मनाइने कृषिमा आधारित एउटा ऐतिहासिक पर्व हो। यो पर्व तिथि, मिति मिलाएर भन्दा पनि परम्परागत रूपमा बार मिलाएर कतै साउनको अन्तिम मङ्गलबार, कतै भदौको पहिलो मङ्गलबार त कतै तीजपछिको मङ्गलबार; कहीं मुहाने गरामा त कहीं खले गरामा हरेलो गर्ने गरेको पाइन्छ ।

हुन त 'हेरालो' भन्ने शब्द अपभ्रंश भएर 'हरेलो' बनेको भन्ने भनाइ पनि पाइन्छ । प्रायशः असार-साउन अर्थात् खेतीको समयमा गाई-भैंसीहरूलाई जङ्गल पठाउने चलन अनुभव भएकै प्रसङ्ग हो ।

वास्तवमा खेतीपातीको समयमा सबै गाउँले व्यस्त हुने अनि वर्षायाममा नै जङ्गलमा पनि गाईवस्तुलाई चर्ने राम्रो चरन हुने हुँदा गाईवस्तुलाई जङ्गल पठाउनु आफैंमा तर्कसङ्गत देखिन्छ । त्यसैलाई व्यवस्थित गर्न कतिपय टोल र समूहले आ-आफ्नै विश्वासिला मान्छेलाई खर्च उठाएर दिने शर्तमा गाईवस्तुको हेरचाह गर्ने जिम्मा सुम्पने गरेको पाइन्छ । ती व्यक्तिलाई हेरालो भनिन्थ्यो ।

गाई-भैंसीको गोठको काम गर्नेलाई गोठालो भने जस्तै जङ्गल पठाएको बेलामा गाईवस्तुलाई गाउँ फर्कन नदिने तथा सुरक्षा दिई हेर्ने उल्लिखित व्यक्तिहरूलाई



हेरालो भनिनु आफैंमा ठीक जँच्दछ । जब गाउँलेले खेतीको काम सक्थे, तब जङ्गल पठाएको गाईवस्तुलाई गाउँ फर्काइन्थ्यो ।

'सोम खेती, बुध घर' भन्ने उखानसँगै प्रायः गाईवस्तु सोमबारका दिन गाउँ फर्काइन्थ्यो । सो दिनको भोलिपल्ट सबैले थकाइ मेटाउन र रमाइलो गर्नको लागि मेलाको आयोजना गर्ने प्रचलनको सुरुवातसँगै यो हरेलोको परम्परा चलेको मान्न सकिन्छ ।

भनिन्छ- वास्तवमा हरेलो खेती लगाउने हली वा गाईवस्तु हेरेका हेरालोले गर्नुपर्दछ । समयक्रमसँगै गाउँमा गाईवस्तुहरूको सङ्ख्या नगण्यप्रायः हुन थाल्यो । परिणाम गाईवस्तुलाई जङ्गल पठाउने चलन हरायो । हरेलोमा तयार पारेको 'गोरु रोटो' खेत जोतेका गोरुलाई ख्वाउनुपर्नेमा अब त 'ट्रयाक्टर' ड्राइभरलाई दिनुपर्ने जस्तो अवस्था आइसक्यो ।

हरेलो अघि वन पठाएका गाईवस्तु घर ल्याउनुपर्ने चलनलाई अचेल त जङ्गलका बाँदरहरु गाउँ पसेर आतङ्क मच्चाउन थालेर प्रतिस्थापन गरिरहेको देखिन्छ । तर पनि, हरेलो भने हाम्रो परम्परा बनेर कतिपय गाउँ-ठाउँमा चलिरहेको छ ।

म स्याङ्जा, आँधीखोलाको मान्छे ! हरेलो गर्ने दिन, बुवाले बिहानी गोठेधन्दा सिध्याएर घाँस काटेर फर्कंदा घाँसको भारीमाथि एउटा ठूलो कडुज (कटुस) को डालो पनि लिएर आउनुहुन्थ्यो । आमाले घरमा चामल पिंधेर 'गोरु रोटो' र 'बाबर रोटी'- पीठोलाई पानीमा रयालेर तेलको ताईमा पीठो छर्केर बनाइने स-साना रोटीहरू, तयार पार्नुहुन्थ्यो। हामीलाई राम्रो मकैको घोगालाई नङ्ग्याएर एकनासका भुत्ला (खोस्टा) बनाउन लगाउनुहुन्थ्यो । हामीले आमाले दिएको नापो अनुसारका १५/२० वटा खोस्टा तयार पार्दथ्यौं ।

'लौ अब हातमा चोट नलगाई खुर्मली (साना आँसी) ले ढिकीको, दैलाठेलाको, जाँताका हातोको, मइनखाँबो (घरको मुख्य खाँबो) को, हलाको काठ खुर्केर एक-एक चिम्टी एउटा केराको पातमा जम्मा पार त ! हलाको बाबुले ल्याउनु नि ! छोरीमान्छेले हलो छुन हुँदैन के '!' भनेर अह्राउनुहुन्थ्यो ।

सबै भाइबैनी मिलेर सबैको थोरै-थोरै खुर्केर ल्याउँदा बुवाले ठ्याक्क केराको पात लिएर आउनुहुन्थ्यो । हामीले पिंढीमा केराका पातमा काठहरू खुर्केको धुलो जम्मा गर्दथ्यौं । बुवाले 'अब उ' ढिकीका पछाडिबाट एक अँजुली भुस ल्याएर मिसाओ' भनेर हामीलाई भन्दै भित्र आमालाई 'खै अलि-अलि सबै अन्न पनि मिसाउनु परेन त नि !' भन्दा आमाले धान, कोदो, मकै, जौ, गहुँ आदिको एक-एक चिम्टी ल्याएर त्यसैमा मिसाइदिएर एउटा खोस्टामा सबै मिलाएको चिजको पोको (नमुना) बनाइदिनुहुन्थ्यो ।

'ठूला घोगा मकै नहुने ठाउँतिर यस्ता पोकालाई बाबियाका हत्यौरीले बाँध्ने गर्छन्, हामीकहाँ त सप्रेका मकै हुने हुँदा यी यसरी भुत्लाको फुर्को लामो हुने गरी १५/२० वटा पोका पार अनि दुइटा पोकाका फुर्का जोडेर झुण्ड्याउन मिल्ने बनाऊ है त !' भनेर निर्देशन गर्नुहुन्थ्यो । हामीहरु फुरुङ्ग हुँदै त्यो काममा लागिपर्दथ्यौं ।

बुवाले आफूले ल्याएको कटुसको सानो थाँक्रोलाई तलतिर तिखारेर हाँगाका २/४ मुन्टा काटेर तिखा बनाउनुहुन्थ्यो । हामीले स्कुलमा सरले सिकाएको व्यहोराभन्दा पनि रसिकसित नियाल्दथ्यौं । 'मैले सक्न छाडेपछि छोराहरूले त हो नि यो सबै गर्ने, अहिल्यैदेखि हेरेर सिकिराख !' भन्दै सुकेका काठको दुई अङ्गुल चाक्लो पातोलाई छकुने हुने गरी ५/७ वटा टुक्रा बनाई खुर्मली आँसीको बिंड फुकालेर आरोलाई रातो बनाई बिच-बिचमा एक-एक वटा प्वाल पार्नुहुन्थ्यो ।

संस्कारी धरोहर हस्तान्तरणको अचूक विधि ! त्यही बेलामा मैले एउटामा दुइटा प्वाल पारिदिएर घुर्रा बनाइदिन अनुरोध गर्दथें । बुवाले पनि अलि बाक्लो पातोलाई मिहिन पाराले मिलाइदिएर घुर्रा बनाइदिनुहुन्थ्यो । त्यो पाउँदाको मजा सायद जीवनमा कहिल्यै पाउन सकिन हुँला जस्तो लाग्दछ ।

बुवाले पुनः पञ्चस्नान गरी धोती फेरेर सानो डालीमा ती हामीले बनाएका पोकाका झुत्ताहरु, एउटा दुनामा घिउ; अर्को दुनामा रायो, सर्सिउँ; एक प्वाले घुर्रा; टपरीहरूमा फूलपाती, लावा र रोटीहरु; जौ, तिल, अक्षता राखिएको पूजा थाली; सानो करुवामा पानी मिलाएर राख्नुहुन्थ्यो ।

आमाले भजालोमा पुत्ताउँदै गरेको आगो र फिलिङ्गा भएको भुङ्गो ल्याइदिएपछि बुवाले भजालोलाई एउटा हातले समाउँदै र कटुसको सानो थाँक्रो काँधमा राखेर मलाई 'नुहाउने, जप गर्ने गऱ्यौ ? लौ यो डाली समाएर मसँग हिंड !' भन्नुहुँदा बैनीहरूले आफू छोरी अनि साना भएकाले यो अवसरबाट वञ्चित भएझैं लोभ लाग्दा आँखाले हेर्दै हाम्रो बिदाइ गर्दथे ।

बुवाका पछि-पछि म डाली समाएर खलेगरामा पुगेको हुन्थें । मनमा पछि मैले पनि यो काम गर्नुपर्ने हुनाले बुवाले गरेका सबै कामहरू क्रमशः सम्झनुपर्दछ भन्ने विचार मडारिइरहेको हुन्थ्यो । बुवाले अघि घाँस काट्दा हरेलो गर्ने डिललाई सफा गरिसक्नुभएको हुन्थ्यो ।

हामी पुगेपछि मलाई 'लौ डाली यता राख र तिमी बसेर हेर !' भन्दै आफूले लगेको थाँक्रोलाई आलीमा गाड्नुहुन्थ्यो । म आलीको डिलमा बसेर नियाल्दथें । त्यसैको फेदमा सानो सम्म परेको ढुङ्गा राखी त्यसैमा भजालोको भुङ्गो खन्याएर करुवाको पानी हातमा लिई उठेर थाँक्रोमाथि घुमाउनुहुन्थ्यो ।

के-के मन्त्र गुन्गुनाउँदै फूलपाती, अक्षताहरुले पूजा गरी भुङ्गोमा रायो, सर्सिउँ पड्काउनुहुन्थ्यो । अनि थाँक्राका चोक-चोकमा पोकाका झुत्ताहरू झुण्ड्याई तिखारेका टुप्पामा एकप्वाले घुर्रा छिराइदिनुहुन्थ्यो । त्यसैबेला 'यी घुर्रा भनेका डाइनी, बोक्सी,

...बाँकी पृष्ठ ३ मा

# तेस्रो प्रदेश खेलकुद फागुनमा हुने

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशस्तरीय खेलकुद प्रतियोगिताको तेस्रो संस्करण आगामी फागुनमा आयोजना गरिने भएको छ । बागमती प्रदेश खेलकुद विकास परिषद्को आइतबार काठमाडौंमा बसेको १५ औं बोर्ड बैठकले उक्त निर्णय गरेको हो ।

बागमती प्रदेश सरकारकी सामाजिक विकासमन्त्री एवम् परिषद्की अध्यक्ष कुमारी मोक्तानको अध्यक्षतामा बैठक बसेको हो । बैठकले बागमती प्रदेशस्तरीय खेलकुद प्रतियोगिता फागुनमा आयोजना गर्ने निर्णय गरेको परिषद्का सदस्यसचिव सूर्यलाल भण्डारीले जानकारी दिनुभयो ।

आगामी फागुन २४ गतेदेखि ३० गतेसम्म प्रदेश खेलकुद प्रतियोगिता सञ्चालन गर्ने निर्णय भएको उहाँले बताउनुभयो । प्रतियोगिता सञ्चालनका लागि अहिले ठाउँ तोकिनसकेको बताउनुहुँदै सदस्यसचिव भण्डारीले पूर्वाधारहरुको स्थलगल अनुगमन गरेर ठाउँ तोक्ने जानकारी दिनुभयो ।

बैठकले प्रत्येक वर्ष सञ्चालन हुने हुने राष्ट्रपति रनिङशिल्ड प्रतियोगितामा प्रदेशको बलियो टिम तयार पार्न अहिलेदेखि तयारी सुरु गर्ने निर्णय गरेको उहाँले बताउनुभयो । बैठकले मंसिरभित्र स्थानीय तहस्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सम्पन्न गराउने, जिल्लास्तरीय पुस महिनाभित्र र प्रदेशस्तरीय प्रतियोगिता माघमा गर्ने निर्णय गरेको छ । बैठकले प्रदेशभित्र निर्माणाधीन खेल संरचनाहरुको अनुगमन गर्ने, समयमा काम गर्न नसकेका ठेकेदारलाई म्याद थपभन्दा कारबाही गरी नयाँ ठेक्का लगाउने निर्णय गरेको सदस्यसचिव भण्डारीले जानकारी दिनुभयो ।

प्रदेश खेलकुद विकास परिषद्को स्वामित्वमा निर्माणाधीन हेटौंडास्थित गौरीटार रंगशालामा बैशाख महिनासम्म सम्पन्न हुनेगरी कार्य भइरहेको उहाँले बताउनुभयो । गौरीटारमा यस वर्षदेखि अन्तर्राष्ट्रिय स्तरको क्रिकेट मैदानको काम सुरु हुने उहाँले जानकारी दिनुभयो । रंगशालाका लागि यसवर्ष ४ करोड रुपैयाँ बजेट विनियोजन भएको उहाँले बताउनुभयो । क्रिकेटको पिच र ग्राउन्ड लेभलको काम यो वर्ष सुरु हुने उहाँको भनाइ छ ।

यो वर्षदेखि गौरीटारमा ओलम्पिक खेल्न मिल्ने एउटा स्वीमिङ पुल निर्माण सुरु गरिने उहाँले बताउनुभयो । उक्त स्वीमिङ पुल निर्माणका लागि ५१ करोड रुपैयाँ लागत अनुमान गरिएको उहाँले जानकारी दिनुभयो । स्वीमिङ पुलका लागि यसवर्ष ३ करोड रुपैयाँ बजेटसमेत विनियोजन भएर डीपीआर पास भइसकेको उहाँको भनाइ छ ।

यस्तै, मकवानपुरको थाहा नगर पालिकामा निर्माणाधीन बहुउद्देश्यीय कभर्ड हल यसै वर्षमा निर्माण सम्पन्न हुनेगरी काम अगाडि बढाउने उहाँले बताउनुभयो । कभर्ड हलको अहिले आधा काम भइसकेको र अहिलेको ठेकेदार कालो सूचीमा रहेकाले काम रोकिएको उहाँले जानकारी दिनुभयो । यसका लागि चाँडै नयाँ ठेक्का आह्वान गरिने उहाँले जानकारी दिनुभयो ।

चितवनमा यो वर्ष सम्पन्न हुनेगरी दुई वटा बहुउद्देश्यीय कभर्ड हल निर्माण भइरहेको उहाँले बताउनुभयो । यस्तै, धादिङ, नुवाकोट र रामेछापमा पनि बहुउद्देश्यीय कभर्ड हल निर्माणाधीन अवस्थामा रहेको उहाँले जानकारी दिनुभयो । सिन्धुलीमा दुई र सिन्धुपाल्चोकको चौतारामा एउटा फुटबल रंगशालाको काम भइरहेको उहाँले बताउनुभयो ।

# १० लाखभन्दा बढीको अवैध सामान बरामद

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले भन्सार छलेर ल्याएको विभिन्न अवैध सामानहरु बरामद गरेको छ । शनिबार राति ९ बजेको समयमा प्रहरी चौकी रातोमाटेबाट खटिएको प्रहरी टोलीले हेटौंडा–१५ स्थित रातोमाटे चेकपोष्टबाट विभिन्न सवारी साधनहरु रोकी सुरक्षाजाँच गर्दा उक्त सामानहरु फेला पारी बरामद गरेको हो ।

शनिबार वीरगञ्जबाट हेटौंडातर्फ आउँदै गरेको यात्रुबाहक बसहरुलाई रोकी सुरक्षाजाँच गर्ने क्रममा भन्सार छलेर ल्याएको विभिन्न किसिमका लत्ताकपडा, खाद्यान्न र मोबाइल गरी करिब १० लाख ३३ हजार २ सय ४४ रुपैयाँ बराबरको सामान बरामद गरेको हो । प्रहरीले उक्त सामानहरु बरामद गरेर आवश्यक कार बाहीको लागि बारा जिल्लास्थित पथलैया राजश्व अनुसन्धान कार्यालयमा पठाएको जनाएको छ ।

# मकवानपुरका सबै विद्यालय खुले



समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाभित्र रहेका सबै विद्यालयहरु आइतबारबाट खुलेका छन् । वर्षे बिदामा बन्द भएका विद्यालयहरु खुलेसँगै नियमित पठनपाठन सुरु भएको छ ।

जिल्लाका विभिन्न पालिकाका विद्यालयहरु फरक–फरक समयमा वर्षे बिदा भएका कारण केही विद्यालयहरु यसअघि नै खुलिसकेका थिए । वर्षे बिदाको समयावधि पनि पालिकाअनुसार फरक–फरक रहेको थियो ।

जिल्लाको हेटौंडा उपमहानगर पालिका, भीमफेदी, राक्सिराङ, बकैया, मनहरी र बागमती गाउँपालिकाका वर्षे बिदामा बन्द भएका सबै विद्यालयहरु आइतबारबाट खुलेका छन् । मकवानपुर जिल्लाको ४ वटा पालिकाका वर्षे बिदामा बन्द भएका विद्यालयहरु यसअघि नै खुलेका थिए । कैलाश गाउँपालिका, थाहा नगरपालिका, मकवानपुरगढी गाउँपालिका र इन्द्रसरोवर गाउँपालिकाभित्र रहेका विद्यालयहरु यसअघि खुलिसकेका हुन् ।

विद्यालय पूर्णरुपमा सञ्चालनमा आएसँगै पठनपाठन सुचारु भएका छन् । आइतबार खुलेका कतिपय विद्यालयहरुमा विद्यार्थीको उपस्थिति न्यून थियो । मनहरी–१ मा रहेको चकरी प्राथमिक विद्यालयका एक विद्यार्थी भन्छन्– 'पहिलो दिन के स्कूल जानु । प्रायः साथीहरु आउँदैनन् । अब दोस्रो दिनदेखि प्रायः सबै आउने भएकाले सोमबारदेखि मात्र विद्यालय पढ्न जाने हो ।'

# ३ जनामा डेंगु पुष्टि

समाज संवाददाता

हेटौंडाः पछिलो २४ घण्टाको अवधिमा मकवानपुरमा ३ जनामा डेंगु पुष्टि भएको छ । डेंगु पुष्टि हुने ३ जना नै हेटौंडा उपमहानगरपालिकाभित्रका बासिदा रहेका छन् ।

मकवानपुरमा साउनयता १ सय ७३ जनामा डेंगु देखिएको छ । जसमध्ये हेटौंडाका मात्र १ सय २२ जना रहेका छन् । हेटौंडा उपमहानगरपालिकाभित्र साउन महिनामा ५९ पुरुष र ६३ महिलामा डेंगु देखिएको स्वास्थ्य अधिकारी नवदीप सिलवालले जानकारी दिनुभयो ।

यस्तै, हेटौंडा अस्पतालमा पछिलो २४ घण्टामा ५० जनाले डेंगु जाँच गराएका छन् । डेंग जााच गराएकामध्ये ९ जनामा डेंगु देखिएको छ । अस्पतालमा ७ महिला र २ पुरुषमा डेंगु पुष्टि भएको हेटौंडा अस्पतालका प्रयोगशाला प्राविधिक राजकुमार शर्माले बताउनुभयो । डेंगुबाट जोगिन पूरै बाउला भएको लुगा लगाउने, लामखुट्टेबाट बच्ने तेल लगाउने, झुल हालेर सुत्नुपर्ने चिकित्सकको भनाइ छ । डेंगुको लक्षणहरु टाउको दुख्ने, जिउ दुख्ने, हाइब्रिड ज्वरो आउने र दागहरु देखिने रहेको छ । यदि कसैलाई डेंगु भयो भने प्रतिरक्षा बढाउने, आइसोलेसनमा बस्ने, औषधी खाने, प्लेन सिटामोल खाने र मुख्यगरी लामखुट्टेलाई आफूबाट संक्रमण हुन नदिनु नै उत्तम हुने चिकित्सकले बताएका छन् ।

के तपाइँ आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ?
यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्
०५७-५२६८३०
समृद्ध समाज राष्ट्रिय दैनिक
Email:sambridhasamaj@gmail.com

# बालसाहित्यकार न्यौपाने पुरस्कृत हुने

समाज संवाददाता

हेटौंडाः नेपाल बालसाहित्य समाजले प्रदान गर्ने "जयपृथ्वी बहादुर सिंह बालप्रतिभा पुरस्कार-२०८०" बाट मकवानपुरका बालसाहित्यकार समर्पण न्यौपाने पुरस्कृत हुनुहुने भएको छ ।

नवसर्जक साहित्य चौतारी नेपालका केन्द्रीय महासचिव समेत रहनभुएका न्यौपानेलाई भदौ ७ गते बिहिबार काठमाडौंको प्रज्ञा प्रतिष्ठानमा एक समारोहका बीच पुरस्कृत गरिने छ । हेटौंडा-५, भैरवरोडस्थित जिएस निकेतन माविमा कक्षा-१० मा अध्ययनरत न्यौपानेको कविता संग्रह अभियुक्त समय गत माघमा प्रकाशित भएको छ ।

# चोरिएका दुई बालबालिकासहित एक जना नियन्त्रणमा

काठमाडौंः चोरिएका दुई बालबालिकासहित बाराको देवताल गाउँपालिका–३, अमुवाबाट आइतबार सशस्त्र प्रहरीले एक जनालाई नियन्त्रणमा लिएको छ । बालबालिकालाई बोरामा राखेर भारततर्फ लैजाँदै गरेको अवस्थामा बीओपी दक्षिणभिट्कैयाले भारतको पूर्वीचम्पारण मूर्तिया ग्रामपञ्चायत–४ आधारपुर घर भएका २२ वर्षीय ताबरेज आलमलाई नियन्त्रणमा लिएको हो ।

सशस्त्र प्रहरीका सहायक प्रवक्ता डीएसपी शैलेन्द्र थापाका अनुसार सोही गाउँपालिका–३, नन्की अमुवा बस्ने शिवपुजन महतोकी ९ महिनाकी छोरी र प्रेमचन्द महतोका दुई वर्षीय छोरालाई आलमले चोरी गरी बोरामा हालेर भारततर्फ लैजाँदै थिए । सीमावर्ती इलाकामा गस्तीमा खटिएको सशस्त्र प्रहरीलाई शंका लागि आलमले बोकेको बोरा जाँच गर्दा दुई बालबालिका फेला परेपछि उनलाई नियन्त्रणमा लिइएको हो । उद्धार गरिएका बालबालिकालाई अभिभावकको जिम्मा लगाइएको डीएसपी थापाले जानकारी दिए । नियन्त्रणमा लिइएका आलमलाई आवश्यक कारबाहीका लागि स्थानीय प्रहरीमा बुझाइएको छ । (स्रोतः सेतोपाटी)

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)
हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।

सम्पर्क ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

Vacancy announcement
Date of notice publication 2080/05/04
Women Skill Creation Centre (WOSCC) Nepal is the well-established social organization registered in 1992 under the concerned authority of government of Nepal has been actively moving for 30 years. Supporting for the formation of aware, healthy, prosperous and dignified society is the vision of the organization. The organization has been actively playing successful role to promote good governance and to empower communities with the help the heal of social mobilization in the task of establishing rights of human being with dignity and special for assurance of child rights and women rights. This organization requires following position urgently:
Designation: Executive Director
Duty Station: Central office, Hetauda
Job Summary: Responsible to overall manage, implement, organize and evaluate/control the program activities and financial as well as administrative activities as per project financial resources in accordance with the sub agreement with donor organization and maintain district/ national level networks and coordination to run all project activities smoothly.
Requirements:
· Minimum 2 years' experience in managerial role in NGO/INGO.
· At least master degree in any faculty.
· Proficiency in Microsoft office.
· Able to write report and proposal for NGO.
· Capacity to build strong, positive professional relationship with beneficiaries, staff and stakeholders.
· Having knowledge in financial management.
· Strong attention to detail with good time management and the ability to multi task.
· Professional presentation, strong communication and negotiation skills.
· Fluent in English on both writing and speaking.
· Smart leadership and organizational skills.
Interested candidates who meet above mentioned requirement can submit his/her application with CV with expected salary on wosccnepal2049@gmail.com within 7 days of this notice publication date.

ज्ञानदीप शिक्षा (जी.एस.) निकेतन माध्यमिक वियालय
दोस्रो पटक सूचना प्रकाशित मिति : २०८०/०५/०४ गते
शिक्षक आवश्यकता
यस विद्यालयका लागि प्राथमिक तहमा निम्न विषयका शिक्षकहरू करारमा नियुक्ती गर्नुपर्ने भएकोले तपसिल अनुसारको योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट रीतपूर्वक दरखास्त आव्हान गरिन्छ ।
तपसिलः

| क्र.स. | तह/विषय | आवश्यक संख्या | न्यूनतम शैक्षिक योज्यता |
|---|---|---|---|
| १. | प्रा.शि. | अङग्रेजी १ जना | मूख्य विषय अङग्रेजी लिई +२ तह उत्तीर्ण |
| २. | प्रा.शि. | गणित १ जना | मुख्य विषय गणित लिई +२ तह उत्तीर्ण |

१. परीक्षाको किसिमः लिखित, कक्षा अवलोकन र अन्तरवार्ता
२. उमेरः १८ वर्ष पूरा भई ४० बर्ष ननाघेको
३. दरखास्त दिने अन्तिम मितिः २०८० भाद्र ८ गते विद्यालय समयभित्र
४. लिखित परीक्षाः २०८० भाद्र ९ गते शनिबार विहान ११ बजे, विद्यालयमा
५. परीक्षा दस्तुरः प्रा.वि. तहको लागि १,०००/- (एक हजार)
६. आवश्यक कागजातः नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, हस्तलिखित
आवेदन र फोटो ।
७. पाठ्यक्रमः शिक्षक सेवा आयोगको नयाँ पाठ्यक्रम अनुसार नि.मा.वि. तहको विषयगत तर्फबाट मात्र
१०० अङकको लिखित परीक्षा हुनेछ ।
अध्यापन अनुमतिपत्र अनिवार्य छैन ।
प्रिन्सिपल
ईश्वरप्रसाद लामिछाने
जी. एस. निकेतन मा. वि. हेटौंडा-५
सम्पर्क फोनः ०५७-५२३४१५, ९८५५०६९१८४

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

स्वादिष्ट नेवारी खाजा

अब
होटल बासुकला (फास्टफुड) मा
स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायत
सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
०५७-५२६०१३

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ

# "हामीले कक्षाकोठाभित्र मात्र नभई बाहिरका कुराको जानकारी लिनुपर्छ"

विद्यालय तहको शिक्षामा सामान्यत: कक्षाकोठामा हुने शिक्षण अभ्यास नै प्रमुख रहने गर्दछ । विद्यार्थीले पाठ्यपुस्तकमा समावेश भएका सामग्रीको अध्ययन, शिक्षकको अध्यापनमै आधारित भएर सिक्ने अवस्था रहन्छ । विद्यार्थीलाई विद्यालयभन्दा बाहिर पनि विविध क्रियाकलापमा सहभागी गराएर सिकाउन सकिन्छ भन्ने मान्यतालाई आत्मसात गर्दै हेटौंडा-४, अजरअमररोडस्थित सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्जले विद्यार्थीलाई रेडियोको स्टुडियोमै सहभागी गराई कुराकानी गर्ने गरेको छ । गत साता शुक्रबार हेटौंडा-४ स्थित नवोदय शिशु सदनमा कक्षा ८ मा अध्ययनरत अनुषा उप्रेती र दर्शना सापकोटासँग रेडियोकर्मी संगी लामाले गर्नुभएको कुराकानीको सम्पादित अंश:




**अनुषा उप्रेती र दर्शना सापकोटा**
**कक्षा-८ का विद्यार्थी, नवोदय शिशु सदन**

*समाजः रेडियोमा बोल्न पाउँदा कस्तो महसुस भइरहेको छ ?*

**सापकोटा**: यो भन्दा अगाडि पनि म रेडियो कार्यक्रममा सहभागी भइसकेका छु । म यो भन्दा अगाडि साहित्यिक कार्यक्रममा सहभागी भइरहेको हुन्थेँ । म आफैँ नयाँ नयाँ कुरा सिक्नका लागि उत्सुक हुन्छु ।

**उप्रेती**: हामीले कक्षाकोठाभित्र मात्र नभई बाहिरका कुराको जानकारी लिनुपर्छ भन्ने लाग्छ । राम्रो लागिरहेको छ ।

*समाजः कुनै पाठ पढ्दा त्यसले के बुझाउन खोजेको हो भनेर कसरी बुझ्ने र कसरी लामो समयसम्म सम्झन सकिन्छ ?*

**उप्रेती**: जब हामीले सिक्ने कुरामा ध्यान केन्द्रित भएर पढ्यौं भने त्यो घोकेर पढ्छौं नि त्यो चाहि छोटो समयका लागि मात्र हुन्छ । हाम्रो ध्यान पढाई भन्दा बाहिरको कुरालाई बुझेर पढाईमा ध्यान केन्द्रित गर्‍यौं भने पाठले के सम्झाउन खोजेको हो भनेर सहजै बुझ्न सकिन्छ जस्तो लाग्छ ।

*समाजः घोगन्ते र व्यवहारिक शिक्षामा कुन शिक्षाले विद्यार्थीलाई फाइदा हुन्छ ?*

**उप्रेती**: घोगन्ते शिक्षामा जस्तै विज्ञानकै पढ्दै गर्दा शब्द के हो बुझ्दै नबुझी शिक्षकलाई सुनाउन कै लागि पढिरहेका हुन्छौं । त्यसलै हाम्रा लागि त्यो त्यति प्रभावकारी हुँदैन । घोगन्ते शिक्षामा त्यति कै फरर पढेर मात्रै हुँदैन । हामी सिक्न, बझ्न आएका हौं । त्यसैले राम्ररी बुझेर पढ्यौं भने हामीलाई फाइदा हुन्छ भने व्यवहारिक शिक्षामा आफैँले बाहिरी कुरालाई लेख्न सक्ने भएकाले घोगन्ते शिक्षा भन्दा व्यवहारिक शिक्षा फाइदा हुन्छ जस्तो लाग्छ ।

*समाजः प्रायःजसो विद्यार्थीले तालिका बनाएर पढिरहेका हुन्छन्, अनुषाले चाहिं कसरी पढिरहनु भएको छ ?*

**उप्रेती**: म समयको आधारमा पढ्ने गर्दिन । अहिले नवोदयमा थुप्रै कार्यक्रमहरु हुन्छन् । अझ हाम्रो बिहान कोचिङ पनि हुन्छ । र कतिपय कार्यक्रमहरुमा हामीलाई पनि राख्नु हुन्छ । गृहकार्य गरिसकेछि केही समय बाँकी रहेको हुन्छ । बिहान र दिउँसो के-के पढियो भनेर म आफु त्यसलाई हेर्ने गर्छु । विद्यालयमा शिक्षकले पढाउने पाठमा आधारित रहेर हामीलाई केही लेख लेख्न लगाउनुहुन्छ । बाँकी समय रह्यो भने लेख, रचनाहरु पढ्छु र म आफैं लेख, रचनाहरु लेख्न रुचाउँछु ।

*समाजः तालिका बनाएर पढ्दा वा आफुलाई पढ्न मन लागेको बेला कुन बेलामा पढ्ने गर्दा राम्रो हुन्छ ?*

**उप्रेती**: त्यो चाहिँ विद्यार्थीमा भर पर्ने कुरा हो । कुनै विद्यार्थीले तालिका अनुसार पढ्ने बानी नै पारिसकेको हुन्छ । म चाहिँ पढ्ने तालिका बनाएको छैन । मैले पढ्नुपर्‍यो भने जुन बेलामा पनि समय निकाल्न सक्छु । हामीलाई पढ्न मन लागेको खण्डमा हामी आफैले किताबहरु पढ्यौं भने त्यो नै हाम्रो दिमाखमा छिटै बस्छ ।

*समाजः तपाईलाई पढिरहँदा कुन विषय सबैभन्दा सहज लाग्छ ?*

**सापकोटा**: शिक्षकले पढाई रहनुहुँदा पढाइमा अब्बल विद्यार्थीलाई मात्रै ध्यान केन्द्रित गरेर पढाई रहेका हुँदैन । शिक्षकले सबैलाई ध्यान दिएर सरल र सहज तरिकाले पढाइ रहनुहुन्छ । पढ्ने कुरामा मलाई सानैदेखि गाह्रो हुने विषय भनेको गणित लाग्छ र मेरो केही अभ्यास नपुगेर हो कि । जब म ८ कक्षा पास भए त्यहाँ गणित पढाउनुहुने सरले पढाएको कुरा मेरो दिमागमा बस्यो । उहाँले आज पढाएको कुरा भोलि पनि फेरि पढाउने, बुझेको-नबुझेको भनेर सोध्ने गर्नुहुन्थ्यो । त्यसपछि मेरो गणित विषय सुध्रियो । त्यसैले उहाँले पढाउने तरिका राम्रो लाग्छ ।

*समाजः तपाईलाई कुन चिजले आफ्नो विद्यालय राम्रो लाग्छ ?*

**सापकोटा**: हाम्रो विद्यालय नवोदयमा विद्यार्थीले दिएको परीक्षाबाट मात्रै नभई कक्षाकोठामा दिएको गृहकार्य विद्यार्थीले गरेको नगरेको कुरा हेरेर प्राक्टिकल दिन्छ । विद्यालयमा केही कार्यक्रम भएमा हामीलाई राखेर हामीले साथीहरुलाई सहभागी गराउनुहुन्छ । जसले गर्दा विद्यार्थीलाई बाहिरी कुराको पनि ज्ञान बढ्छ ।

*समाजः विद्यालय बिदाको समयमा घरमा कसरी समय बिताउनुहुन्छ ? परिवारको साथ कस्तो छ ?*

**सापकोटा**: गृहकार्य गर्ने, पुस्तक पढ्ने, नयाँ-नयाँ कुरा बुझ्न मन लाग्छ । मैले चाहिँ पुस्तक पढेरै समय बिताउने गरेको छु । आफुसँग समय छ भने घरायसी कार्य आमाबुवा, दाइदिदीसँग केही कार्य गरेर समय बिताउने गर्छु । सबैसँग मिलेर बस्ने, मिलेर सकेको काम गर्ने गरेको छु ।

*समाजः अनुषालाई पढाईको बाहेक के गर्न रुची छ ?*

**उप्रेती**: मलाई पढाई बाहेकको साहित्यमा पनि इच्छा र चाहना छ । पहिला म अर्को विद्यालयमा पढ्दाखेरि बाहिरी ज्ञान थिएन । जबदेखि नवोदयमा पढेँ तबदेखि बाहिरी यो ज्ञान छ भनेर प्रस्फुटन, प्रस्तुत र पहिचान गर्न पाएको छु ।

*समाजः तपाईको भविष्यमा के बन्ने सोच छ ?*

**उप्रेती**: सबै कुरा सम्भव हुन्छ भन्ने छैन । एकचोटि अस्पतालमा गएकी बेलामा एकजना आर्थिक स्थिति कमजोर भएको मान्छेले सहयोग मागिरहेको देखेको थिएँ । त्यस्तो अवस्थालाई देखेर म भविष्यमा डाक्टर बन्ने सोँच छ । त्यस्तो गरीब जनताले सहज तरिकाले उपचार गर्न पाउछ ? जस्ता मेरो मनमा प्रश्नहरु उठेको थियो । त्यही भएर म डाक्टर पढ्न रुची छ ।

*समाजः दर्शनालाई कुन क्षेत्रको कुराले मनोरञ्जन दिन्छ ?*

**सापकोटा**: मलाई सानैदेखि नृत्यमा धेरै रुची छ । आफ्नै साथीहरुसँग नच्न पाउँदा मनोरञ्जन मिल्छ । हाम्रो नवोदय शिशुमा डान्स कार्यक्रम राख्छ । त्यो कार्यक्रम आयो भनेपछि मलाई धेरै खुसी लाग्छ ।

# ॐ कुरूकुल्ले फट स्वाहा



✍ राजकुमार लामिछाने

भोलि एउटा साहित्यिक कार्यक्रममा बमजस्तै ताली पड्किने कवितासहित उपस्थित हुने निम्तो आएकोले के कोर्ने होला भनेर विस्तारामा पल्टेर गम खाँदै थिएँ । अचानक एउटा कविता फुरेकोले साइत जुरेको महसुस गरेँ ।

उद्घोषक मित्रले बोलाएपछि पोडिएम अगाडि अडिएँ र कविता वाचनका लागि ठडिएँ । गला खोल्न र स्पष्ट हुने गरी बोल्न ख्वाक्क खोकेँ र माइकको मुखमा हल्का ठोकेँ । माइक रिसाएर हो कि मैले बोली मिसाउन नपाउँदै उ चुप रह्यो । "हलो हलो" भन्दाभन्दै उसको आवाज कता चलो पत्तै भएन ।

साउण्ड सिस्टमका साहुजीले माइकलाई फकाई फुल्याई गरेर एकछिन भुल्याएपछि माइक टेस्ट गर्दा वेस्ट भयो। करिब बीस/पच्चीस मिनेटको अतिथि सम्बोधनपछि सुरू भयो मेरो कविता ।

*एक सय चार वर्ष जंगे साँपले डस्यो*
*त्यसपछि कालो जातको पंचे सर्प पस्यो*
*राजतन्त्र, गणतन्त्र, तन्त्र सबै उस्तै*
*धामी मात्र फरक हजुर मन्त्र उस्तै उस्तै !*

यस्तो अत्यन्त चोटिलो, पोटिलो, सान्दर्भिक र मार्मिक मेरो कविताले कार्यक्रममा उपस्थित दर्शकहरूका मन छोयो र वान्समोरको आवाजले कविता स्वयं भावुक भएर रोयो ।

तर दुर्भाग्यवश उक्त कविताले आफ्नो अपमान भएको भनेर सारा नागहरू जागे र मलाई लखेट्न लागे । म अघि-अघि नागहरू पछि-पछि केही किलोमिटरको म्याराथन रेश नै चल्यो । जब दौडिन नसक्ने भएर मेरो शक्ति गल्यो, तब उनीहरूसमक्ष हात जोड्दै र प्रसङ्ग क्षतिपूर्तितिर मोड्दै कुरा मिलापत्रतर्फ चल्यो ।

एउटा किम्वदन्ती सुनेको थिएँ । एकपटक एउटा किसानले आफ्नो खेत खनिरहेका बेला नागका बच्चाहरू मारि एपछि नागिनी रिसाएर किसानको पनि सबै परिवार सखाप पारिदिएकि थिई । तर किसानकी छोरीले भने तपाईंलाई दुध खुवाउँछु नमार्नुहोस् भनेर अनेकौं अनुनय विनय गरेपछि नागिनीले दया गरी किसानकी छोरीलाई छाडिदिएकोले उनको ज्यान बचेको हुँदा नागहरूको पछिसम्म ध्यान गरेको ।

मैले पनि उक्त किसानकी छोरीले झैं विलौना गर्दै भने, "माफ गर्नोस् ! मैले नेपालको अस्तव्यस्त राजनीतिक व्यवस्था र दुईजिब्रे नेतागणको चरित्रसँग तुलना गरेर हजार जिब्रा भएका तपाईंहरूको उपेक्षा गरेँ । अब सधैं तपाईंहरूको शरणमा पर्छु र गाईको दूध, अक्षता, दुबो, खीर, पुरीसहित विभिन्न परिकारका प्रसाद चढाउँदै पुजा गर्छु ।" यति भनेपछि मलाई क्षमा दिए र नागहरू अलप भए ।

हुन त नागलाई विभिन्न भगवानको रूप मानेको, सृष्टि नै उनीहरूले धानेको, नाग रिसाए भने पानीको अभाव हुने, खडेरी परेर ज्यान लिने, घर पातालतिर धस्ने र मानव समुदाय ठूलो संकटमा फस्ने लगायतका अनिष्ट हुन्छ भन्ने धार्मिक विश्वास र मान्यताहरूले बेलाबेलामा दिमागमा हिट नगरको होइनन् । झन् आफ्नै कवितामा नागहरूलाई व्यङ्ग्य गरेका कारण उनीहरू रिसाएका कुराले चिटचिट पसिना छुटिरहेको हुँदा मेरो मथिङ्गल कसरी नागलाई खुशी बनाउने भन्ने सन्दर्भमा नै सधैं जुटिरह्यो ।

माले, झाले, कोरम, फोरम, पाएजति सबै सोरै भन्ने विभिन्न पार्टीहरूका नाम भएजस्तै नागहरूका समेत बाह्र नाम उल्लेख भए पनि आखिर अनन्त, वासुकी,पद्म, महापद्म, तक्षक, कुलीर, कर्कट र शङ्ख गरी आठ नागहरूको पूजा गर्ने प्रचलन रहेको । नाग नगिनी खुशी भई उनीहरूले दिएको आशिर्वादले चन्द्रावति र नवराजको भोलिपल्टै भेट भएको । रौंको आकारमा फुलभित्र पसेर परीक्षितलाई तक्षक नागले डसेर मारेको धर्मशास्त्रमा वर्णित प्रसङ्गहरूले समेत नागलाई खुशी बनाएर राख्नुपर्ने विषयले मथिङ्गलमा सधैं कचिंगल चलिरहन्थ्यो ।

यिनै विविध कारण र आफूले गरेको कबोल मुताविक नागहरूलाई खुशी पार्न दुध चढाउने, विभिन्न परिकारका सामग्री तयार गरी नाग टाँस्ने पूजा गर्ने पवित्र उद्देश्यले नाग पञ्चमीका दिन सबेरै गौमाताको दुध एवम् गोबर संकलनतर्फ लागेँ ।

गाउँघरमा पो माली गाई, झाली गाई, काली गाई, तिल्की गाई, मिल्की गाई, खैरी गाई, राती गाई, कथुरी गाई, कैली गाई जस्तो रंग रूपको गाई खोज्यो त्यस्तै गाई पाइन्थ्यो । रोजीरोजी दुध र गोबर ल्याइन्थ्यो । नाग लपक्क टाँसेर दुध चढाइन्थ्यो र पो नाग पुजेको फल पाइन्थ्यो । गाउँमा कति कहर काट्नु भनेर रहरले शहर पसियो । अहिले गाई खोज्दैमा बिहान चुर्लुम्म डुब्छ गाई रोज्न त परै जाओस् ।

गोबर खोज्न गौरीगञ्जका गौरीशंकर गौतमका गएको । गाईको गर्धनमा गजबको गिर्खो गाडिएर गोल बजारका गम्भीरमान गोतामेको गाडीमा गुन्जनगरतर्फ गुडाएको गजानन्द गजुरेलले गाठी कुरा गम्भीर तापूर्वक गरेकोले गोबर्धन गौडेलसँगै गएँ गजेन्द्र गुइदेलको गाई गोठमा ।

मलाई देख्नेबित्तिकै गौमाताले आँखा तानिन् र झ्याप्प पुच्छरले सप्को मारेर हानिन् । त्यो हिलाम्मे लप्को मेरा ढाँडमा लपेटियो । अहो ! गौमाताको उदर बिसन्चो भएर हो वा खुराक त्यस्तै खुवाएर हो, पिनास नै विनाश हुनेगरी गन्ध प्रवाह भयो । तैपनि अझ यकिन गर्न हातका औला गौमाताद्वारा विसर्जित गोबर रूपी हिलोमा चोबल्दै नाकार्षनलाई न्यायमूर्तिको जिम्मेवारी दिएँ । एक हप्ताको बासी मासलाई समेत ताजा सुगन्धित एवम् वास्नादारको हवाला दिने नाकेश्वर नारायणले समेत गौमाताले गोब्र्याएको अर्धठोसाकार पदार्थमा दुर्गन्धको मात्रा भेटिएको निर्णय सार्वजनिक हुने क्रम चलिरहेको थियो । त्यति नै बेला गौमाताको पेट मेघ गर्जनसरि गडगडाउँदै गोब्रेद्वारबाट छुटेको धारो मेरो शरीरको हेडक्वाटरबाट खनियो र पुरै शरीर असारे रोपाइँमा मेला गएको बाउसे झैं बन्यो ।

हे भगवान् ! म बिलखबन्दमा परेँ । के गरौँ कसो गरौँ छट्पटी भयो । नजिकै रहेको धाराको सहारा लिएँ । चार पाँच पटक साबुनपानीले दल्दा पनि गन्ध बन्द भएन । मलाई त त्यस्तो गाह्रो भयो भने आधुनिक दानाको नाउँमा अपाच्य खाना ख्वाउँदा गौमातालाई कति साह्रो भएको होला ? जे होस् दुग्ध व्यवसायको भल बगाउने नाउँमा नानाथरी केमिकल मिसिएको खाना ख्वाउन बल गर्ने गोपालहरू नै जानून् ।

बल्लतल्ल चम्चाको सहारा लिएर गोबरलाई एउटा प्लास्टिकको थैलोमा थन्काए । घरमा आएर सबै पुजाका सामग्रीहरु तयार गरी नाग टाँस्ने बन्दोबस्त गर्दै थिएँ । तर तरल पदार्थजस्तैमा परिणत भएको उक्त गोबर दोब्बर तेब्बर लगाउँदा पनि नाग टासिएन । हातमा गाँसिएर फिर्ता भई रह्यो । केही सीप नलागेपछि आधुनिक गमले लोपरलुपर पार्दै दुधको धारो नागका शीरबाट झार्दै, "ॐ कुरूकुल्ले फट स्वाहाः" भन्दै नाग टासेँ र नागहरूलाई नमन गर्दै मुसुक्क हासेँ ।

यति गरेपछि नागहरू पक्कै खुशी भए होलान् भनेर मन झुशी भयो । तर "गाउँघरमा झैं गाईको बाक्लो गोबरले नाग नटासी किन केमिकल मिसाएर टाँसेको" भन्दै नागहरू रिसाएर पुनः मलाई लखेटेकोले बचाउ-बचाउ भन्दै छट्पटिदा खाटबाट डङ्गरङ्ग भुईमा पछारिँदा पो झल्याँस्स ब्यूझिएछु । अहिले सम्झदा पनि जीउ थरर्र कामिरहन्छ । इति

(लेखक सिस्नुपानी मकवानपुरका अध्यक्ष हुनुहुन्छ ।)

## अन्न पवित्र बनाउन...

ऐंर-भँएरलाई हाम्रो खेतबारीमा पस्न नदिन ऐनाका रुपमा आएतिरै फर्काउन राखिएको हो भन्नुहुन्थ्यो तिम्रा हजुरबुबाले, यो कतिपयले गर्दैनन्, झण्झट मान्दछन्...' भन्नुहुन्थ्यो ।

मलाई पछि मैले नै गर्दा पनि यसै गरुँला भन्ने प्रण गर्न मन लाग्दथ्यो। तर, अफसोच ! त्यो क्षण मेरा लागि यी यस्तै कल्पनामा मात्रै सीमित रहन पुग्यो । गाउँको त्यो स्वच्छ हावा, निर्मल पानी छाडेर खै किन हो ? आफैंलाई थाहा छैन, यो शहरिया प्रदूषित वातावरणमा तथाकथित पारिवारिक जञ्जालले उछार नदिएको भनेर साँघुरोमा रुमलिइरहेको छु ।

जन्मस्थानका खेतबारी बाँझो छाडेर यहाँ छतमा कौसी खेतीमा रमाउँदैछु । मन मिल्दाहरूबीच नमुना बस्ती बसाउने कल्पनालाई एक्लै साकार रूप दिनै सकिनँ, हिम्मतिला साथीहरूको साथ जुटेन । सम्झेर ल्याउँदा साँच्चै दुःख लागेर आउँछ ।

रोटीहरूको नैवेद्य चढाई लावा र फूलपाती वरिपरि छरेर पुनः जल हातमा लिई थाँक्रो वरिपरि घुमाउँदै 'लौ सीमे, भुमे देउताहरु, गोठका भिउसिन ठाकुर, शृङ्गा नागदेउता, जानेनजानेका जलथलका सम्पूर्ण देवी-देउताहरूले रक्षा र कल्याण गर्नुहोला,

*आवाहनं न जानामि न जानामि विसर्जनम्।*
*पूजां चैव न जानामि क्षमस्व परमेश्वर॥*
*मंत्रहीनं क्रियाहीनं भक्तिहीनं जनार्दन।*
*यत्पूजितं मया देव! परिपूर्ण तदस्तु मे॥*
*भन्दै दायाँ साहिंली औंलाले पहिला आफूलाई टीका लगाई मलाई पनि लगाइदिनुहुन्थ्यो।*

'मेरो बाबुलाई विद्या खुलेर आवोस्, हिंड्दा ठेस नलागोस्, बस्दा केश नझरोस्, आँटे-ताकेको पुगोस्, माटो समान अन्न र ढुङ्गो समान द्रव्य आर्जन सके...' भनी दिएका आशिष सम्झँदा अहिले पनि मनमा भक्कानो परेर आउँछ ।

तदुपरान्त हामी घर फर्कन्थ्यौं। बुवाले पोकाका झुत्ताहरूलाई काँक्रा, घिरौंला, लौका, करेला आदि झालपातका थाँक्रामा पनि झुण्ड्याइदिनुहुन्थ्यो ।

गोरु रोटो भाँचेर माले गोरुलाई खुवाउनुहुन्थ्यो र हाम्रो प्रतीक्षा गरेर पिंढीमा बसेका आमा बैनीहरूलाई टीका लगाई नैवेद्य र बैनीहरूलई एक-एक सुका पैसा दिनुहुन्थ्यो । त्यो बेला मलाई छोरो भएकाले पैसा नपाएकोमा पछुतो महसुस हुन्थ्यो ।

आमा 'यतिबेलासम्म सबै भोकाएऊ, लौ अब भान्सा गरौं...' भन्दै भित्र पस्नुहुन्थ्यो । बुवाले हामीलाई भन्नुहुन्थ्यो- 'यो हरेलो भनेको खेतबारीमा रोपाइँ सकिएपछि गर्ने हो । यसपछि कतै रहेबँचेका फोगटाहरु बाँझै छाड्नुपर्दछ, त्यै भएर हिजो रात-साँझ गरेर भए पनि तिम्री आमाले र मैले सबै रोप्ने काम सिध्याएका हौं । हरेलोलाई रोपाइँको न्वारान गरेको पनि भनिन्छ । आजसम्म रोपो थियो भने अब धान, कोदो भयो । हरेलो नगरिएको धानको अक्षता शुभकार्यहरूमा चल्दैन भन्ने मान्यता रहेको छ । अब आज खेतमा गोडा हाल्न पनि हुँदैन भनेको कोही पनि केही पनि गर्न जानुहुँदैन । आज फुरौला खानुपर्दछ, भित्र आमाले बनाएकै होलिन् । दिउँसो निबुवा साँधेर खाएपछि कटाहा मुसाका दाँत कुडिन्छन् र तिनले धान खान सक्दैनन् भन्ने मान्यता रहेको छ । आफैं गर्ने हैसियत गुमाएर ठालु पल्टेकाहरुले हरेलो हलो जोत्ने हलीले गर्ने हो भनेर कतिपयले हलीबाटै गराउँछन् । तर हाम्रा भने तिमीहरुका हजुरबाले गरेको देखेकाले मैले नै गर्ने गरेको छु । म मरेपछि पनि बाबुहरुले नै गर्ने गर्नु...'

बुवा ! हजुरको त्यो धोको स्थलगत रूपमा पूरा गर्न उल्लिखित परिस्थितिले साथ नदिंदा यसरी कल्पेर चित्त बुझाएको छु । हजुरको बैकुण्ठवास हवोस् बुवा !

*(स्रोत: अनलाईनखबर)*

# गोलभेंडाको मूल्य घटबढ र काउलीको भाउ बढ्दो

हेटौंडा: हेटौंडामा आइतबार गोलभेंडा प्रतिकेजी १ सय रुपैयाँदेखि १ सय १० रुपैया पुगेको छ भने काउली प्रतिकेजी ६० रुपैयाँ पुगेको छ। लौका प्रतिकेजी ३० रुपैयाँ, बन्दा प्रतिकेजी १५ रुपैयाँ, करेला प्रतिकेजी ६० रुपैयाँ, घिरौंला प्रतिकेजी १५ रुपैयाँ, फर्सी र भिण्डि प्रतिकेजी ५० रुपैयाँमा बिक्री भइरहेको छ ।

यस्तै काक्रो प्रतिकेजी ३० रुपैयाँ, लोकल काँक्रो ६० रुपैयाँ, मुला प्रतिकेजी ४० रुपैयाँ, गाजर प्रतिकेजी ८० रुपैयाँ, चिचिन्डा प्रतिकेजी ३० रुपैयाँमा बिक्री भइरहेको छ । हेटौंडा-१, राप्तीबगरस्थित तरकारी व्यवसायी तथा पुर्वाध्यक्ष वरिष्ठ सल्लाहकार केन्द्रिय सचिव खड्ग बहादुर मोक्तानले सो जानकारी दिनुभएको हो । ५ दिन अगाडि गोलभेंडाको मूल्य प्रतिकेजी १ सय २० रुपैयाँ थियो भने आइतबार मूल्य घटेको हो । काउली ९० रुपैयाँमा बिक्री भइरहेको थियो । मोक्तानका अनुसार गोलभेंडा स्थानीय उत्पादनले बजारको माग धान्न नसकेोले काठमाडौंबाट ल्याइएको छ ।

यसैगरी खुद्रा बजारमा गोलभेंडा प्रतिकेजी १ सय ३० रुपैयाँ, काउली प्रतिकेजी १ सय २० रुपैयाँ, ब्रो काउली प्रतिकेजी १ सय २० रुपैयाँ, लौका र बन्दा प्रतिकेजी ६० रुपैयाँ, करेला प्रतिकेजी ९० रुपैयाँ, घिरौला प्रतिकेजी ६० रुपैयाँ, फर्सी प्रतिकेजी ४० रुपैयाँ, भिण्डी प्रतिकेजी ७० रुपैयाँमा बिक्री भइरहेको थियो । यस्तै काँक्रो प्रतिकेजी ६० रुपैयाँ, मुला प्रतिकेजी ६० रुपैयाँ, गाजर प्रतिकेजी १ सय २० रुपैयाँ, चिचिन्डा प्रतिकेजी ५० रुपैयाँ, भेन्टा प्रतिकेजी ५० रुपैयाँ, पर्वल प्रतिकेजी ८० रुपैयाँ, बोडी प्रतिकेजी १ सय रुपैयाँ र अकबरे खुर्सानी ३ सय रुपैयाँमा बिक्री भइरहेको व्यवसायी जगत लामाले जानकारी दिनुभयो ।

यसैगरी सागको मूल्य बढेको छ । रायो साग प्रतिमुठा ३० रुपैयाँदेखि ४० रुपैयाँसम्म, फर्सी मुन्टा प्रतिमुठा २० रुपैयाँ, निउरोको साग प्रतिमुठा ५० रुपैयाँ र स्कुसको साग प्रतिमुठा ४० रुपैयाँमा बिक्री भइरहेको व्यवसायीहरु बताउँछन् ।